सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।


पत्र संख्या : २०८२/८३
चलानी नं. : २

मितिः २०८२/४/२
नेपाल संवत्: ११४५

विषयः आर्थिक वर्ष २०८२/८३ को अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन मार्गदर्शन।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
स्थानीय तह (अछाम, बझाङ्ग, बाजुरा, डोटी, दार्चुला, डडेल्धुरा, बैतडी, कैलाली र कञ्चनपुर)
सुदूरपश्चिम प्रदेश।

आर्थिक वर्ष २०८२/८३ का लागि तहाँ स्थानीय तहलाई सुदुरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरण गरिएका ससर्त, समपूरक र विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रमलाई वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५, सुदूरपश्चिम प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८०, सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१, सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१, सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० र अन्य प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डमा भएको व्यवस्था बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको मार्गदर्शन पठाएको छु। तहाँ प्राप्त हुने ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानतर्फका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा तत् सम्बन्धी प्रचलित कानून, मापदण्ड वा कार्यविधि अनिवार्य रूपमा पालना गर्नु हुनुका साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी कार्यक्रम कार्यान्वयनको व्यवस्था गर्नुहुन अनुरोध गर्दछु। प्रचलित कानून, मापदण्ड वा कार्यविधि पालना नगरी सिर्जना भएका कुनै पनि दायित्वका सम्बन्धमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले पूर्णतः जिम्मेवारी लिनुपर्ने जानकारी गराउन चाहन्छु।

(क) अन्तर-सरकारी वित्तीय हस्तान्तरणः

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले कार्यान्वयन इकाइलाई बजेट निकासा गर्नेछ र स्थानीय तहले रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रममा मात्रै खर्च गर्नु पर्नेछ।

२. प्राप्त भएको अनुदान बापतको रकम सम्बन्धित स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टि गरी खर्च गर्नु पर्नेछ।

३. वित्तीय हस्तान्तरणमार्फत कार्यान्वयन हुने गरी छनौट भएका आयोजना तथा कार्यक्रमका लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, आयोजना तथा कार्यक्रमको नाम, क्रियाकलाप, आयोजनास्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

प्रदेश सचिव

४. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८०, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही प्राप्त अनुदान रकम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली अपनाई मितव्ययी र पारदर्शी ढङ्गले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्नु पर्नेछ।

५. निर्माण कार्यस्थलमा आयोजनाको नाम, लागत, कार्य सुरू भएको मिति, चालु आर्थिक वर्षमा विनियोजित रकम, ठेकेदार वा उपभोक्ता समितिको नाम तथा ठेगाना सहितको कामसँग सम्बन्धित विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

६. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा ६ को उपदफा (२) बमोजिम वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र १०, कार्तिक १०, माघ १० र संवत् २०८३ साल बैशाख १० गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

७. ससर्त, समपूरक र विशेष अनुदान कार्य प्रगतिका आधारमा हस्तान्तरण गरिनेछ।

८. वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा प्रदेशमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन नभई स्रोत व्यवस्थापन हुन नसकेमा र नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा प्रदेश सरकारले पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले तोकेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

९. ससर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान सम्वत् २०८२ साल साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नु पर्नेछ।

१०. बुँदा नं. ९ बमोजिम कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले सम्वत २०८२ मङ्सिर १५ गते, चैत्र १५ गते, सम्वत २०८३ असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण सम्वत २०८३ साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

११. बुँदा नं. ९ बमोजिमको खर्च विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले बुँदा नं. १० बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्नाका रूपमा सम्वत २०८२ सालको मङ्सिर २५ गते, चैत्र २५ गते र सम्वत २०८३ सालको असार १० गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

१२. प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाईले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ। स्थानीय

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : 2

तहलाई समपूरक अनुदान वापतको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा अनुदान निर्देशिका बमोजिम प्रदेश सरकारले व्यहोर्ने हिस्साभन्दा बढी रकम नहुने गरी हस्तान्तरण गर्नु पर्नेछ।

१३. ससर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरूमा बाँकी भएकोमा सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

१४. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोषमार्फत मासिक रूपमा महिना समाप्त भएको १५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा दाखिला गर्ने छ।

१५. सम्बन्धित स्थानीय तहले कार्यान्वयन गर्ने ससर्त अनुदान, समपूरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रमको अध्यावधिक अभिलेख राख्नु पर्नेछ।

**(ख) आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः**

१६. प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा दोस्रो त्रैमासिक अवधिभित्र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय र आर्थिक मामिला मन्त्रालयको सहमतिसहित प्रदेश सरकार (मन्त्रिपरिषद्) मा वित्तीय हस्तान्तरण सम्बन्धी प्रस्ताव पेस गर्नु पर्नेछ। प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट प्रस्ताव स्वीकृत भए पश्चात् विषयगत मन्त्रालयको निर्णय सहित त्यस्तो योजना वा कार्यक्रम ससर्त अनुदानको रूपमा हस्तान्तरण गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय संलग्न राखी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ। सो हस्तान्तरणको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय र सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

१७. स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

१८. नदी नियन्त्रण, तटबन्ध, भू-संरक्षण, घेरबार तथा पर्खाल, सिंचाई कुलो, खानेपानी, मठ मन्दिर, विद्यालय भवन लगायत सबै नयाँ सार्वजनिक निर्माणका कार्यहरू संस्थागत बैधानिक समिति वा प्रचलित कानून बमोजिम ठेक्का प्रक्रियामार्फत गर्नु गराउनु पर्नेछ।

१९. ससर्त अनुदानबाट संचालन हुने योजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा सम्बन्धित प्रदेश मन्त्रालय/निकायसँग समन्वय गर्नुहुनेछ।

प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

सुदूरपश्चिम प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय धनगढी, कैलाली नेपाल

पत्र संख्या : २०८२/८३
चलानी नं. : २

(ग) लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण गर्ने सम्बन्धी व्यवस्थाः

२०. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

२१. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम वित्तीय समानीकरण अनुदान बाहेक विनियोजन भई खर्च नभएको रकम स्वतः फ्रिज हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै निकासा र खर्चको लेखा अध्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२२. आर्थिक वर्ष २०८२/८३ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: moea.sudurpashchim.gov.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ।

२५
२०८२।४।२
........................
(राजेन्द्र कुमार हमाल)
प्रदेश सचिव
प्रदेश सचिव

**बोधार्थः**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली।
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौ।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाण्डौ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री प्रदेश लेखा इकाइ कार्यालय, सुदूरपश्चिम प्रदेश, (९ वटै)।